बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

(कार्यक्षेत्रः दोलखा र सिन्धुपाल्चोक)

चरिकोट, दोलखा

## प्रस्ताव आह्वानको सूचना

### प्रथम पटक प्रकाशित मितिः२०८०/०९/१९

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, दोलखाको आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **"पशुपन्छी तथा मत्स्य विकासका लागि बीउ पूंजी कोष परिचालन"** कार्यक्रम संचालन गर्न यस कार्यालयको कार्यक्षेत्र दोलखा र सिन्धुपाल्चोकका ईच्छुक आवेदकहरुले यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन सम्ममा कार्यालय समय भित्र आइपुग्ने गरी तपसिल बमोजिमका कागजातहरु सहित यस विज्ञ केन्द्र, चरिकोट, दोलखा तथा सम्पर्क कार्यालय, चौतारा, सिन्धुपाल्चोकमा आवेदन दर्ता गर्नु हुनका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त भएका आवेदनलाई कार्यक्रमको लागि समावेश गर्न नसकिने व्यहोरा समेत जानकारी गराईन्छ।

**कार्यक्रम सम्बन्धी विवरण**

| आवेदक | बीउ पूंजीको अधिकतम सीमा | सुरक्षण | कैफियत |
|---|---|---|---|
| कृषि फार्म/कृषि कम्पनी/कृषि उद्यमी/कृषक समूह र कृषि सहकारी | परियोजना लगानिको बढीमा ५० प्रतिशत वा बढीमा १० लाख सम्म | परियोजना रकम बराबरको जग्गा रोक्का गरिने (कार्यक्रम सम्झौताको समयमा गरिने) | प्रवाह हुने बीउ पूंजीमा ब्याज लाग्ने छैन । |

**आवेदनका साथ संग्लग्न राख्नुपर्ने कागजातहरु,**

१) बीउ पूंजी परिचालन कार्यविधि, २०८० को अनुसूची-३ अनुसारको आवेदन,
२) सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि
३) संस्था दर्ता तथा नबिकरण गरेको प्रमाण पत्रको प्रतिलिपि,
४) स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपि,
५) आ.व. २०७९/०८० को करचुक्ता प्रमाण पत्र प्रतिलिपि,
६) लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि (आवश्यक पर्नेको हकमा मात्र) ,
७) समूह/सहकारीको हकमा बैठक निर्णयको प्रतिलिपि,
८) प्राविधिक ईष्टिमेट सहितको व्यावसायिक योजना,
९) पेश भएको जग्गाको लालपूर्जा हाल अन्य प्रयोजनमा रोक्का नरहेको भन्ने मालपोत कार्यालयको सिफारिस,
१०) स्थानीय तहको वा सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

पुनश्चः **बीउपूँजी परिचालन कार्यविधि,** २०८० यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, चरिकोट, दोलखाको वेवसाइट **https://vetdolakha.gov.np/** बाट डाउनलोड गर्न सकिनेछ ।

डा. ज्ञान बहादुर जिरेल
कार्यालय प्रमुख